PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ,

फोन: ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-११

मितिः- २०८०/०३/०६ गते

**" लाओसमा पुऱ्याई बन्धक बनाएर Online Scamming मा लगाउने ब्यक्तिहरु पक्राउ"**

पीडित २ पुरुष ब्यक्तिहरुलाई राम्रो रोजगारी दिने प्रलोभनमा पारी मिति २०७९ मंसीर ६ गतेका दिन काठमाण्डौबाट कलकत्ता,थाईल्याण्ड हुँदै त्यहाँबाट लाओसको बोयाको प्रोभिन्स स्थित गोल्डेन ट्रियाङ्गलमा रहेको Special Economic Zone मा पुऱ्याई बन्धक बनाई जबरजस्ती Online Love Scamming,Trap मा पारी क्रिप्टो करेन्सी तथा शेयरमा लगानी गर्न लगाउने जस्ता कार्यमा संलग्न तपसिलमा उल्लेखित ब्यक्तिहरुलाई मिति २०८०।०३।०५ गतेका दिन पक्राउ गरी सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ५(पाँच)म्याद थप गरी मानव बेचबिखन तथा ओसारपसार कसुरमा अनुसन्धान कार्य भैरहेको।

**पक्राउ अभियुक्तहरु-**

क) जिल्ला कालिकोट सावीक छाप्रे गा.बि.स.वडा नं.८ परिवर्तित तिलागुफा न.पा. ८ घर भई हाल नागार्जुन नपा ठुलो भऱ्याङ बस्ने बर्ष २५ को पदम नेपाली।

ख) जिल्ला नुवाकोट साबिक चतुराले गा.वि.स.वडा नं.८ परिवर्तित ककनी गाउँपालिका वडा नं.७ स्थायी वतन भई हाल काठमाण्डौ जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं.४ देशेगाउँ बस्ने बर्ष ३८ को श्याम कुमार तामाङ।

**अभियुक्तहरुको फोटो**




पदम नेपाली



श्याम कमार तामाङ

## अनुसन्धानका क्रममा खुल्न आएका कुराहरु:-

- प्रतिवादी पदम नेपालीलाई चाईनीज भाषाको राम्रो ज्ञान भएकोले निजले नेपाल तथा लाओस,कम्बोडीया,म्यान्मार लगायतका देशहरुमा रहेका चाईनीज कम्पनीहरुमा चीनिया भाषाको ट्रान्सलेटरको काम गर्ने गरेको।
- प्रतिवादी मध्येको श्याम तामाङले नेपालमा रहेका युवाहरुलाई लाओसमा आकर्षक रोजगारी पाईने प्रलोभन देखाई रकम समेत लिई पदम नेपाली मार्फत लाओस पठाउने गरेको खुल्न आएको।
- लाओस जान चाहने व्यक्तिहरुसंग ह्वाट्सएपमा अन्तर्वार्ता समेत लिने गरेको।
- लाओस पुगेपछी मानीसहरुलाई कसरी ट्र्यापमा पार्न सकिन्छ भन्ने सन्दर्भमा तालीम समेत दिने गरेको।
- फेसबुक,ह्वाटसएप लगायतका एपमा फेक आईडी बनाई ७ दिन भित्रमा अपरीचीत व्यक्तिहरु संग चिनजान गरी सम्बन्ध बढाई निजहरुको मन समेत जिती बिभिन्न कम्पनीहरुमा लगानी लगाउन सक्नेसम्मको जिम्मेवारी पुरा गर्नुपर्ने।
- थाईलैण्ड,भियतनाम,म्यान्मार,लाओस,दुबई जस्ता देशहरुमा चीनिया कम्पनीहरुले नेपाल लगायतका देशहरुबाट आकर्षक रोजगारीको प्रलोभन देखाई बेरोजगार युवाहरुलाई Online Scamming मार्फत बिशेष गरी अमेरीका,युरोपका नागरीकहरुलाई लक्षीत गरी यस प्रकारको Online Scamming गर्ने गरेको।
- लाओसको गोल्डेन ट्रियाङ्गलमा रहेको Special Economic Zone मा बन्धक बनाई जबरजस्ती काममा लगाउने गरेको।
- नेपालबाट लाओससम्म ल्याउन लागेको रु.७ लाख फिर्ता गरे पश्चात मात्र नेपाल फर्काउने भनि मानसिक यातना दिने गरेको।
- यस अपराधमा चाईनीज र नेपाली नागरीकहरुको संलग्नता रहेको।
- पिडीतहरु लाओस स्थित कन्सुलर कार्यालयको सहयोगमा करीव ५ महीना पछि मिति २०८० साल बैशाख १५ गतेका दिन नेपाल फर्कन सफल भएको।
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास एवं पक्राउ लगायत अन्य अनुसन्धान कार्य भई रहेको।

प्रवक्ता
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१३३०